# सुनापति गाउँपालिकाको पशुपन्छी फार्म दर्ता निर्देशिका, २०७८

**प्रस्तावना :**

सुनापति गाउँपालिकाको क्षेत्र भित्र समग्र कृषि विकासमा संलग्न विभिन्न निकायहरु मार्फत कृषकहरुलाई समय सापेक्ष कृषि प्रसार सेवाटेवा सरल, सहज, सुलभ, मितव्ययी एवम् ग्रहण योग्य तवरले उपलब्ध गराउन कृषि उत्पादन प्रणालीमा एउटा सुसंगठित व्यवस्था र पद्धतिको विकास गरी समुचित रुपबाट अगाडि वढाउनको लागि व्यवसायीक रुपमा पशुपंक्षि तथा मत्स्य पालन गरिरहेका कृषकहरुको गाई, भैसि, भेडा, कुखुरा, हास वंगुर, मत्स्य, घास लगायतको पशु पंक्षि संग सम्वन्धित फार्म दर्ता गर्न सुनापति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को द(५) ले दिएको अधिकार प्रयोग गरी सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाबाट यो निर्देशिका जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम **"सुनापति गाउँपालिकाको पशुपन्छी फार्म दर्ता निर्देशिका, २०७८"** रहेको छ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) **"गाउँपालिका"** भन्नाले सुनापति गाउँपालिकाकालाई सम्झनु पर्दछ ।

ख) **"कृषक"** भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई जनाउँदछ ।

ग) **"वडा"** भन्नाले सुनापति गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

घ) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

ङ) **"फार्म"** भन्नाले जात अनुसार तोकिएको संख्यामा पालिएको पशु पंक्षीलाई दर्ता गराई संचालनमा रहेकोलाई जनाउँदछ ।

**३. उद्देश्य :** कृषकहरुलाई पशु पंक्षि सम्वन्धी कार्यक्रममा सघाउ पुर्‍याउनका लागि यस निर्देशिकाको तपशिल अनुसारका उद्देश्यहरु रहेका छन् :

क) प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरुलाई समन्वय, व्यवस्थापन र नियमन गर्नका लागि सहयोग पुर्‍याउने ।

ख) कृषि/पशु प्रसार व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्यमा सहयोग पुर्‍याउने ।

ग) विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने ।

घ) व्यवसाय अन्मुख कार्यक्रम संचालन गर्न ।

ङ) व्यवसायीक कृषकहरुलाई पशु पंक्षि तथा मत्य सम्वन्धी अनुदान लगाएतका कार्यक्रमहरु संचालन गर्न ।

# परिच्छेद-२

## फार्म दर्ताका आधारहरु

### ४. व्यवसायीक पशुपंक्षी फार्म

**(१) व्यवसायीक गाई फार्म :**

कम्तिमा तीन वा सो भन्दा बढी दुधालु गाई पाल्ने व्यवसायीहरुको व्यवसायीक गाई फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. १ व्यवसायीक गाई फार्म | | |
|---|---|---|
| फार्मको बर्गिकरण | दुधालु गाईको संख्या | |
| साना | ३ देखि ५ सम्म | |
| मझौला | ६ देखि १० सम्म | |
| ठुला | ११ भन्दा माथी | |

**(२) व्यवसायीक भैंसी फार्म :**

कम्तिमा तीन वा सो भन्दा बढी दुधालु भैंसी पाल्ने व्यवसायिहरुको व्यवसायीक भैसी फार्म दर्ता गरिने छ। यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. २ : व्यवसायीक भैंसी फार्म | | |
|---|---|---|
| फार्मको बर्गिकरण | भैंसीको संख्या | |
| साना | ३ देखि ५ सम्म | |
| मझौला | ६ देखि १० सम्म | |
| ठुला | ११ भन्दा माथी | |

**(३) व्यवसायिक बाखा फार्म :**

दश वा सो भन्दा बढी प्रजनन योग्य माउ बाखा पाल्ने व्यवसायिक वाखा पालन फार्म दर्ता गरिनेछ। यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ।

| तालिका नं. ३ : व्यवसायीक बाखा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | प्रजन्न योग्य माउ बाखाको संख्या | |
| साना | १० देखि २० सम्म | |
| मझौला | २१ देखि ५० सम्म | |
| ठुला | ५० भन्दा माथी | |

**(४) व्यवसायिक भेडा फार्म :**

दश वा सो भन्दा बढि प्रजनन योग्य माउ भेंडा पाल्ने व्यवसायिक वाखा पालन फार्म दर्ता गरिनेछ। यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ।

| तालिका नं. ४ : व्यवसायीक भेडा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | प्रजन्न योग्य माउ भेडाको संख्या | |
| साना | १० देखि २० सम्म | |
| मझौला | २१ देखि ५० सम्म | |
| ठुला | ५० भन्दा माथी | |

**(५) व्यवसायिक बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागि तीन वा सो भन्दा बढी माउ बंगुर पाल्ने व्यवसायी वगुर फार्म दर्ता गरिने छ । मासु उत्पादनको हकमा पाँच वा सो भन्दा बढी बंगुर पाल्ने कृषक व्यवसायिकहरुको व्यवसायीक फार्म दर्ता गरिने छ। यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ।

| तालिका नं. ५ : व्यवसायीक बंगुर फार्म( पाठापाठी) को लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | माउँ बंगुरको संख्या | |

| | | |
|---|---|---|
| साना | ३ देखि ५ सम्म | |
| मझौला | ६ देखि १० सम्म | |
| ठुला | ११ भन्दा माथी | |
| तालिका नं. ६ : व्यवसायीक बंगुर फार्म(मासु) को लागि | | |
| फार्मको बर्गिकरण | बंगुर संख्याको | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि २० सम्म | |
| ठुला | २१ भन्दा माथी | |

**(६) व्यवसायिक पंक्षी फार्म :**

एक पटकमा १०० वा सो भन्दा बढी कुखुरा पाल्ने व्यवसायिकहरुको कुखुरा फार्म दर्ता गरिने छ। यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ। कालिज लगाएत

| तालिका नं. ७ : लोकल,लेयर्स,ब्रईलर,प्यारेन्टको फार्मको लागि | |
|---|---|
| फार्मको बर्गिकरण | पंक्षीको संख्या |
| साना | १०० देखि २०० सम्म |
| मझौला | २०१ देखि ५०० सम्म |
| ठुला | ५०१ देखि माथि |

| तालिका नं. ८ : व्यवसायीक पाडा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | पाडाको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि २० सम्म | |
| ठुला | २१ भन्दा माथी | |

**(७) व्यवसायिक मत्स्य फार्म :**

व्यवसायीक मत्स्य फार्मको हकमा संघीय तथा प्रादेशिक कार्यविधि अनुसार दर्ता गरिने छ।

## परिच्छेद ३
## फार्म दर्ताको लागि आवश्यक कागजातहरु

**अनुसुचि २ अनुसारको निवेदनको साथमा संलग्न हुनु पर्ने कागजातहरु**

- नागरिकताको फोटोकपि
- सम्वन्धित वडाको सिफारिस
- पशु सेवा केन्द्रको सिफारिस
- अन्य निकायमा दर्ता भएको भए दर्ताको फोटोकपि
- तोकिएको ढाचामा निवेदन
- सर्जमिन मुचुल्का
- जग्गाधनी पुर्जाको फोटोकपी
- जग्गा आफ्नो हकवालाको नाममा भएमा हकवालाको मन्जुरीनामा
- जग्गा भाडामा लिने भएमा कम्तिामा ५ (पाँच) वर्षे करार सम्झौता
- साझेदारीको हकमा विधान

**अनुसूचीं. १**

सुनापति गाउँपालिका

गाउँ कार्यपालिको कार्यालय

# पशु सेवा शाखा

हिलेदेवी रामेछाप

**फार्म दर्ता प्रमाण पत्र**

फोटो

१. दर्ता नं. :- दर्ता मिति :

२. फार्मको नाम :-

३. फार्म धनिको नाम :

३. फार्मको किसिम :-

४. फार्मको उद्देश्य :

५. फार्म रहने ठेगाना :- गाउँपालिका : वडा नं. :- टोल :-

सम्पर्क नं.

६. जम्मा पशु पंक्षिको संख्या :-

७ माउ :- ....................... पाठापाठी/पाडापाडी/वाच्छा वाच्छी : ................. अन्य :...................

८. जम्मा पुँजी रु :................... क) स्थीर पुँजी रु : ......... ख) चालु पुँजी रु .......

पशु सेवा शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**नोटःकृपया प्रत्येक आ.व.को सुरुमा यो ईजाजत पत्र नवीकरण गराउनु होला**

**पुनश्च :**

क) आर्थिक वर्षको अषाढ मसान्त भित्र नवीकरण गरि सक्नु पर्ने छ। चालु आ.व.को जुनसुकै समयमा पनि गाउँपालिकाको कर संकलन टोली कर संकलनको लागि खटिइ आएमा उक्त समयमा नै व्यवासाय कर बुझाउनु पर्नेछ।

ख) चालु आर्थिक वर्ष भित्र व्यवसाय नवीकरण नभएमा बक्यौता रकमको १० देखी १५ प्रतिशत थप कर लगाउन सक्ने छ।

ग) कुनै पनि प्रकारबाट व्यवसाय गर्न छोड्ने र बन्द गर्ने भएमा तुरुन्त गाउँपालिकामा निवेदन दिनु पर्नेछ। बक्यौता रकम तिर्न बाकी भएमा सो समेत तिर्नु पर्नेछ।

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण मिति | आ.व. | रसिद नं. | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-२**
**पशु पंक्षि फार्मको दर्ताको लागि निवेदन**

श्री शाखा प्रमुख ज्यू ,
पशु सेवा शाखा
सुनापति गाउँपालिका
हिलेदेवी,रामेछाप ।

विषय : फार्म दर्ता सम्वन्धमा

श्री ............................ शाखा/संस्थाको सहयोगमा म/हामी आफै संगठित भई सुनापति गाउँपालिका वडा नं..........मा गठन भएको मेरो /हाम्रो....................फार्म दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ ।

.............................
कृषकको दस्तखत:

कृषकको नाम :
फार्मको नाम :
मिति :-

**संलग्न कागजातहरु**

१. नागरिकताको फोटोकपि थान १
२. वडाको सिफारिस थान १
३. सम्वन्धित सेवा केन्द्रको सिफारिस १
४. अन्यत्र दर्ता भएको भए सो को फोटोकपि
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
६. फार्ममा रहेको पशु पंक्षि संख्या : माउ .................... अन्य .............. जम्मा :.....................
७. सर्जमिन मुचुल्का
८. जग्गाधनी पुर्जाको फोटोकपी
९. जग्गा आफ्नो हकवालाको नाममा भएमा हकवालाको मन्जुरीनामा
१०. जग्गा भाडामा लिने भएमा कम्तिामा ५ (पाँच) वर्षे करार सम्झौता

अनुसूची ३

सुनापति गाउँपालिका

वार्षिक फारम लागत विवरण

आ.व.

| दर्ता नम्बर | फार्मको नाम | ठेगाना | दर्ता मिति | फारमको किसिम | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |